प्रदेश सरकार

लुम्बिनी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

प्रदेश कार्यक्रम कार्यान्वयन इकाई(PPIU)

मुकामः बुटवल

## सूचीदर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०४/१७

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गतको प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (PPIU) को आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कुनै एक वा एक भन्दा बढि विषय वा क्षेत्रहरुमा बस्तु तथा सेवा उपलब्ध गराउन इच्छुक योग्यता पुगेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहायका कागजातहरु सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) को नियम १८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । रीतपुर्वकको निवेदन तल दिईएको ठेगानामा ईमेल मार्फत अथवा खामबन्दी पठाउन अनुरोध गरिन्छ । यस सम्बन्धी अन्य विषयहरुको हकमा कानून बजोजिम सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

**१. तपसिल:**

क) प्रदेश तथा स्थानीय सरकारको ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका तयार गर्ने तथा तयार भएका कानून, नियमावली, कार्यविधि, निर्देशिकाहरुको अध्ययन, समीक्षा गर्ने ।

ख) प्रदेश मन्त्रालयहरु/कार्यालयहरुको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण ।

ग) प्रदेश स्तरमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन निर्देशिका तयार ।

घ) प्रदेश तहमा संचालित कार्यक्रम, प्रगति र सफल तथा उदाहरणीय कार्यहरुको विभिन्न माध्यमबाट प्रकाशन, प्रशारण तथा प्रचार-प्रसार ।

ङ) प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सम्वन्धी विस्तृत अध्ययन ।

च) प्रदेश स्तरमा स्थानीय तहहरुको सूचना एकिकृत गर्न सूचना पोर्टलको निर्माण ।

छ) प्रदेश तथा स्थानीय सरकारले सम्पादन गरेको कार्यहरु समेटी भिडियो डकुमेन्ट्री तयार ।

ज) प्रदेश तथा स्थानीय सरकारको कार्यहरु समेटी रेडियो, टेलिभिजनबाट प्रशारण ।

झ) डिजाईन तथा छपाई सम्बन्धी कार्य ।

ञ) कम्प्युटर, प्रिन्टर, क्यामेरा तथा अन्य विद्युतीय (Electronics) सामग्रिको आपूर्ति तथा जडान ।

ट) कार्यालयको लागि फर्निचर र फिक्चरको आपूर्ति तथा जडान ।

ठ) स्टेशनरी तथा कार्यालय सम्बन्धी बस्तुहरुको आपूर्ति ।

ड) प्रदेश तहमा दिगो विकासको लक्ष्यहरु (SDGs) स्थानीयकरण निर्देशिका निर्माण ।

**२. <u>आवश्यक कागजातहरु:</u>**

क) रीतपूर्वक ढाँचामा आधिकारिक निवेदन (माथि उल्लेखित मध्ये आफुले काम गर्न चाहेको बिषय क्षेत्र स्पष्ट उल्लेख भएको),

ख) फर्म, संस्था वा कम्पनी दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी,

ग) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,

घ) आ. व. २०७७/७८ सम्मको करचुक्ता प्रमाण-पत्र, (प्रक्रियामा रहेकोलाई आ.ब.२०७६/७७ सम्मको)

ङ) फर्म, संस्था वा कम्पनीको प्रोफाइल र व्यक्तिको हकमा बायोडाटा,

च) फर्म, संस्था र कम्पनीको हकमा आ. ब. २०७७/७८ को लेखा परिक्षण प्रतिबेदन, (प्रक्रियामा रहेकोलाई आ.ब.२०७६/७७ सम्मको)

छ) सम्बन्धित क्षेत्रको कार्य अनुभव र कार्यक्षमता खुल्ने कागजातहरु,

ज) कालो सूचीमा नरहेको स्व-घोषणा ।

३. माथि बुँदा न. १ मा उल्लेखित सम्पूर्ण कागजातहरु (प्रत्येक विषय क्षेत्रको छुट्टा-छुट्टै निवेदन र कागजात) तल उल्लेखित ठेगानामा कार्यालय समयमा पेश गर्नुपर्नेछ ।

४. आवेदक फर्म, संस्था, कम्पनी वा व्यक्तिको अधिकारिक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधारमानी सूची तयार गरिनेछ । नियमानुसार सूचीकृतमा परेका आवेदकहरुबाट आवश्यकता अनुसार प्रस्ताव माग गरिनेछ ।

५.सूची दर्ताको निबेदन सार्बजनिक खरिद नियमावली २०६४ को अनुसूची २क. बमोजिम हुनु पर्नेछ ।

<u>निवेदन पेश गर्ने ठेगाना</u>


प्रदेश सरकार<br>
लुम्बिनी प्रदेश<br>
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)<br>
प्रदेश कार्यक्रम कार्यावन्यन इकाई (PPIU)<br>
इमेलः ppiu.lumbini@gmail.com<br>
फोनः ०७१-५४७९५०